सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्जन॥
gorkhapatraOnline.com
गोरखापत्र अनलाइन डटकम

# विधेयक तर्जुमामा चरम लापरबाही

■ नारायण काफ्ले

काठमाडौं, फागुन १२ गते। करिब दर्जनौंपछिको आनुसाङ्गिक त्रुटिसहितको नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी कानुन एकीकरण र संशोधन गर्न बनेको विधेयक सरकारले संसद्मा दर्ता गरेको छ। अर्थ, भाषा, तथ्य आदिको संयोजनलाई सामान्यतया कानुनी भाषामा आनुसाङ्गिक मानिन्छ।

मन्त्रालयका तर्फबाट राष्ट्रिय सभा सचिवालयमा विधेयक आइतबार दर्ता गरिएको हो। विधेयक सांसदलाई वितरण गरिएको छ। त्यसपछि विधेयकमा त्रुटि फेला परेका हुन्। "हामीले दर्ताका लागि आवश्यक प्रक्रिया र कागजात भए/नभएको मात्र हेर्‍यौं। विधेयक दर्ता भई सांसदलाई वितरण गरिएको छ। तर वितरणपछि विधेयकमा धेरै त्रुटि फेला परेका छन्। सम्बन्धित निकायलाई जानकारी गराइसकेका छौं। करिब पाँच सय प्रति विधेयक कामै नलाग्ने अवस्थाका छन्", विधेयक शाखाका एक कर्मचारीले जानकारी दिनुभयो।

विधेयकको आवरणमा राखिएको र भित्र राखिएको नाममा समेत एकरूपता छैन। यस्तै कतिपय दफामा अप्रासङ्गिक विषय समेटिएका छन्। प्रारम्भमै हुनुपर्ने परिभाषासमेत बीचमा समेटिएका छन्। उपदफाका क्रमाङ्कहरू कतिपय अनुच्छेदको बीचमै छन्। प्रारम्भिक मस्यौदामा समेत नहुने गल्तीहरू दर्ता भएको विधेयकमा बग्रेल्ती छन्। विधेयक सदनमा आउनुपूर्व कम्तीमा मस्यौदा स्वीकृति, सैद्धान्तिक सहमति, मन्त्रिपरिषद्को समितिमा हुने दफावार छलफल र अन्तिम संशोधनमा मिहिन रूपमै अध्ययन हुन्छ। तर छापिएको विधेयकमा माथिका कुनै पनि चरणमा सर्सर्ती परिएको छैन।

## नामदेखि नै त्रुटि

दर्ता विधेयकको आवरणमा नेपाल नागरिक उड्डयन प्राधिकरणको 'स्थापना र व्यवस्था' गर्न बनेको विधेयक उल्लेख छ। तर विधेयकको मूल अंशमा नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी कानुनलाई 'संशोधन र एकीकरण' गर्न बनेको विधेयक उल्लेख छ। विधेयकको नाममै एकरूपता छैन।

विधेयकको दफा १० मा प्रारम्भमै आनुसाङ्गिक त्रुटि छ। विधेयकको दफा १४ मा पूरै क्रम मिलेको छैन। प्रमाणपत्र निलम्बनसम्बन्धी उक्त व्यवस्थाको अनुच्छेद मिलेको छैन भने स्पष्ट अर्थ नै लाग्दैन। प्रस्तावित दफा १४ मा भनिएको छ, "प्रमाणपत्र निलम्बन वा रद्द गर्न सक्ने बमोजिम प्रमाणपत्र प्राप्त संस्थाले १३ वा १२ दफा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा प्राधिकरणबाट जारी आदेश वा प्रमाणपत्रमा निलम्बन वा रद्द गर्न उल्लेखित शर्त उल्लङ्घन गरेमा प्राधिकरणले तोकिए बमोजिम प्रमाणपत्र सक्नेछ।"

विधेयकको दफा २३, २४, २५ तथा २६ मा आनुसाङ्गिक क्रम मिलेको छैन। तीनवटै दफाका धेरै शब्दावली पूर्ण छैनन्। क्रम मिलेको छैन। दफा २८ को शब्दावली त्रुटिपूर्ण छ। उडान योग्यताको प्रमाणपत्रसम्बन्धी उक्त व्यवस्थाको अनुच्छेद क्रम मिलेको छैन।

यस्तै दफा ३१ मा पनि त्रुटि छ। दफा ३१ को उपदफामा उल्लेख विषय प्रसङ्गहीन छ। त्यसपछिका कुनै पनि उपदफाको क्रम मिलेको छैन। प्रस्तावित व्यवस्थामा भनिएको छ, "बमोजिमको व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्रसम्बन्धी व्यवस्था अन्य (१) उपदफा (३) व्यवस्था तोकिएको बमोजिम हुनेछ।" कुन 'बमोजिम' वा के 'तोकिए बमोजिम' भन्ने प्रयोजन नै विधेयकमा क्रम मिलेको छैन।

विधेयकको दफा ३७, ३८, ३९ र ४० मा समेत कुनै न कुनै त्रुटि छ। दफा ३८ मा रहेको बिज्ञको स्पष्टीकरण खण्डमा अप्रासङ्गिक विषय समेटिएको छ। स्पष्टीकरण खण्डमा 'कानुन, व्यवस्थापन, मन्नाले बिज्ञान बिज्ञ' जस्ता शब्द समेटिएका छन्। जसमा बिज्ञको परिभाषा गर्न खोजिएको हो। यस्तै दफा ३९ को उपदफा १ तथा २ दुवैमा आनुसाङ्गिक त्रुटि छ। दफा ४० को पहिलो वाक्यांश अपूर्ण छ।

## हरेक दफा अस्पष्ट

प्रस्तावित विधेयकका दफा ५१ र ५३ पूरै अस्पष्ट छन्। यस्तै पुनरावेदनसम्बन्धी व्यवस्था भएको दफा ४६ पनि त्रुटिपूर्ण छ। दफा ५३ प्रत्यायोजित अधिकारसँग सम्बन्धित छ। दफा ५८ पनि समस्याग्रस्त छ। उक्त दफा खारेजी र बचाउसँग सम्बन्धित छ। दफा ५८ मा भनिएको छ, "खारेज गरिएको २०५३, डयन प्राधिकरण ऐन नेपाल नागरिक उड् (१) छ। अन्तर्गत भए गरेका काम २०५३, डयन प्राधिकरण ऐन नेपाल नागरिक उड् (२) कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।"

> करणसंगको कुकर्मचारी तथा विशेषज्ञले प्राधिकै पनि कारोबार वा ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले भाग लिन वा हिस्सेदार हुन पाउने छैन।
>
> ५२. शपथः नेपाल सरकारबाट नियुक्त अध्यक्षले मन्त्री समक्ष तथा सदस्य र महानिर्देशकले अध्यक्ष समक्ष पदमा बहाल गर्नु अघि अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।
>
> ५३. अधिकार प्रत्यायोजनःसमितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये (१) महानिर्देशक वा प्राधिकरणको कुनै ,आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।
>
> ता अनुसार कमहानिर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यक (२)केही अधिकार प्राधिकरण अन्तर्गतका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।
>
> ५४. निर्देशन दिन सक्नेः नेपाल सरकारले यो ऐन कार्यान्वयन गर्ने सन्दर्भमा प्राधिकरणलाई

Tweet Print